सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १९७ ♦ २०८२ साल चैत्र १० मंगलवार ♦ 24 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## जनकपुरमा फुटपाथ अतिक्रमण हटाइयो, पुन: कब्जा गरे कडा कारबाही चेतावनी



**खबर दर्पण समाचारदाता**

**चैत्र ९ गते, महेन्द्रनगर**

जनकपुरधाममा फुटपाथ अतिक्रमण गरेर व्यावसाय सञ्चालन गरिएका स्थानमा मधेश प्रदेश सरकारले खाली गराएको छ ।

गृहमन्त्री फकिरा महतोको नेतृत्वमा जनकपुरधामको रमानन्द चौक, प्रादेशिक अस्पताल जाने बाटो, जानकी मन्दिर, राम मन्दिर, जनक चोकलगायतका फुटपाथ खाली गराएको हो । भगवान राम सिताको मन्दिर रहेको पवित्र भूमि नै कुरूप हुनेगरी फुटपाथ नै कब्जा गरी व्यवसाय सञ्चालन गरिएकोले खाली गरिएको बताउँदै गृहमन्त्री महतोले पुन: फुटपाथ अतिक्रमण गरेमा कडा कारबाही गरिने चेतावनी दिनु भयो।

सडकपेटीका अतिक्रमण गरेर व्यावसायीले सामान राखेपछि सर्वसाधारणलाईसमेत हिड्न समेत सास्ती भएको थियो। जनकपुरधाम उपमहानगर पालिकाले पटक पटक फुटपाथ खाली गराउन आग्रह गरे पनि व्यावसायीले अटेर गरेपछि प्रदेश सरकारले नै खाली गराएको हो। जनकपुरधाम उपमहानगर पालिका, जनकपुरधाम उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्स लगायतको समर्थनमा फुटपाथ खाली गराइएको हो।

## यस वर्ष एसइइमा महोत्तरीबाट ११ हजार ५०२ छात्रछात्रा सहभागी हुदै

**खबर दर्पण समाचारदाता**

**चैत्र ९ गते, बर्दिवास**




चैत्र १९ देखि संचालन हुने एसइइ परीक्षामा महोत्तरीबाट ११ हजार ५०२ छात्रछात्रा सहभागी हुने भएका छन । परीक्षामा सहभागी हुनेमा सामुदायिक विद्यालय तर्फ साधारण धारमा ३६०६ छात्र र ३९६० छात्रा गरि कुल ७५६६ विद्यार्थी छन भने संस्थागत विद्यालय तर्फको साधारण धार तर्फकै ४९९ छात्र र ३४० छात्रा गरि कुल ८३९ सहभागी हुदैछन । यता प्राविधिक धार तर्फ सामुदायिक विद्यालयका २४५ छात्र र १५५ छात्रा गरि कुल ४०० विद्यार्थी परीक्षामा सहभागी हुदैछन ।

त्यसतै ग्रडवृद्धि तर्फ सामुदायिक विद्यालयका १०८६ छात्र र १५९८ छात्रा गरि कुल २६८४ विद्यार्थी सहभागी हुदैछन भने संस्थागत तर्फका ११ छात्र र २ छात्रा ग्रेडवृद्धिको लागि परीक्षामा सामेल हुने भएका छन । जिल्लाबाट कुल ५४४७ छात्र र ६०५५ छात्राले परीक्षा दिनेछन ।

फरक क्षमता अन्तर्गत बहिरा स्रोत कक्षा गौशालाबाट ग्रेडवृद्धि तर्फ १ छात्र समेत परीक्षामा सहभागी छन । यस पटक फरक क्षमता अन्तर्गत अन्य स्रोत केन्द्रबाट एसइइ दिने छात्रछात्रा सहभागी छैनन ।

महोत्तरीमा पछिल्लो वर्ष ३२ परीक्षा केन्द्र निर्धारण गरिएकोमा यस पटक भने ३३ परीक्षा केन्द्र राखिएको छ । यता सबै परीक्षा केन्द्रको लागि ३३ केन्द्राध्यक्ष,५७ सहायक केन्द्राध्यक्ष,५५१ निरिक्षक,९८ परीक्षा सहायक र २२१ कार्यालय सहयोगी तोकिएको छ भने प्रत्येक केन्द्रमा सुरक्षाकर्मीको व्यवस्थापन गरिएको शिक्षा विकास तथा समन्वय ईकाई महोत्तरीका निमित प्रमुख बरुण चौधरीले बताए । उनले परीक्षा मर्यादित बनाउन जिम्मेवार व्यक्तिहरुलाई निर्देशन दिइसकिएको बताए ।

## मधेश प्रदेश सभाको बैठक चैत्र १५ गते बस्ने

**खबर दर्पण समाचारदाता**

**चैत्र ९ गते, बर्दिवास**




मधेश प्रदेश सभाको बैठक १५ गते बस्ने भएको छ । मधेश प्रदेशका सभामुख रामअशिष यादवको अध्यक्षतामा प्रदेश सभा सचिवालयमा आज बसेको सर्वदलीय बैठकले प्रदेश सभाको छैटौं अधिवेशनको १४ औं बैठक चैत्र १५ गते आइतबार बस्ने निर्णय गरेको हो ।

प्रदेश सभाको बैठकमा पेश गर्ने विभिन्न विषयहरूमा सर्वदलीय बैठकमा छलफल भएको छ । मधेश प्रदेश सभाको बैठकमा प्रदेश सभा सचिवालयमा दर्ता भएका मधेश प्रदेश सभा कार्यसञ्चालन नियमावली २०८२ को मस्यौदा समितिको प्रतिवेदन छलफलका लागि पेश गर्ने निर्णय भएको छ ।

यसका साथै विषयगत समितिको वार्षिक प्रतिवेदन, प्रदेश लोक सेवा आयोगको छैटौं वार्षिक प्रतिवेदन र गाउँसभा, नगरसभा, जिल्ला सभा कार्यसञ्चालन कार्यविधि ऐन २०७७ संशोधन गर्ने विषयमा छलफल गर्ने निर्णय सर्वदलीय बैठकले गरेको मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले जानकारी दिनुभयो ।

प्रदेश सभाको बैठकमा प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७२ संशोधन गर्न बनेको विधेयक माथिको छलफल सम्बन्धि प्रस्ताव पेश गरिने भएको छ । प्रदेश सभाको जारी छैटौं अधिवेशनमा मधेश प्रदेश सरकारले तयार पारेका केही अन्य विधेयकहरू पेश गर्ने विषयमा प्रदेश सरकारले तयारी गरिरहेको छ ।



# मधेशमा झन्डै दुई अर्ब लगानीका आठ शीतभण्डार सात वर्षदेखि अलपत्र

हदिश खुद्दार

सात वर्षअघि धनुषाको लक्ष्मीनिया गाउँपालिका- ३ मा संगीता यादवले एउटा सपना रोपेकी थिइन् । आफ्नै गाउँठाउँमा शीतभण्डार बनेपछि अब तरकारी, अन्न र फलफूल बिचौलियाको भर नपरी सुरक्षित राख्न पाइनेछ भन्ने आशाले उनले जेनतेन गरेर ३५ हजार रुपैयाँ जम्मा गरिन् । शीतभण्डार निर्माणका लागि स्थानीय जनहित कृषक समूहमा पैसा जम्मा गरिन् । त्यो रकम उनका लागि सानो थिएन, घरखर्च, बालबच्चाको भविष्य र खेतीको लगानी काटेर निकालिएको थियो । तर, सात वर्ष बितिसक्दा पनि संगीताको त्यो सपना अझै अधुरै छ । जनहित कृषक समूहकी सदस्य संगीताले गाउँमा नेताहरू आउँदा शीतभण्डार बनाइदिनुस् भनेर आग्रह गर्ने गरेकी छिन् ।

शीतभण्डार बन्ने आशामा पैसा लगानी गरेका जनहित कृषक समूहका सदस्य घनश्यामकुमार यादवका लागि त निर्माणाधीन शीतभण्डारको फाउन्डेसन र पिलर नै पीडाको प्रतीक बनेका छन् । झाडीले ढाकिएको, अलपत्र अवस्थामा उभिएको संरचना देख्दा उनको मन खिन्न हुन्छ । 'म मात्रै होइन, गाउँका ८०-८५ कृषकले आफ्नो तत्कालीन आवश्यकता त्यागेर २५ हजारदेखि एक लाख रुपैयाँसम्म लगानी गरेका हौं । हामीलाई लाग्यो, अब त गाउँमै शीतभण्डार बन्छ । तर, सात वर्ष बितिसक्दा पनि यो संरचना कहिले तयार हुन्छ भन्ने कसैलाई थाहा छैन,' उनले भने ।

आर्थिक वर्ष ०७५/७६ मा मधेश प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र जनहित कृषक समूहबिच हजार मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण गर्ने सम्झौता भयो । तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित १६ करोड ६५ लाख ४४ हजार ४५ रुपैयाँको लागत तय गरियो । सम्झौताअनुसार २० प्रतिशत लगानी कृषक समूहको र ८० प्रतिशत प्रदेश सरकार को अनुदान रहने भनिएको थियो । सोहीअनुसार सहकारीमा आबद्ध किसानले रकम जम्मा गरेका हुन् ।

अहिले त्यो शीतभण्डारका पिलर र फाउन्डेसन झाडीले छोपिएका छन् । निर्माण नसकिँदै जीर्ण हुन थालेको संरचनाले राज्यको उदासीनता र कृषकको असहाय अवस्था झल्काउँछ । शीतभण्डार निर्माणका लागि जनहित कृषक समूहले स्थानीय भुवनेश्वर यादवसँग एक बिघा जग्गा १६ वर्षका लागि लिजमा लिएको थियो, वार्षिक प्रतिकट्ठा १२ हजार रुपैयाँ बुझाउने सर्तमा । तर, निर्माण नै अघि नबढ्दा समूहले जग्गाधनीलाई भाडा तिर्न सकेको छैन । जग्गाधनीले मुद्दा हाल्ने चेतावनी दिन थालेपछि कृषक समूहको पीडा झनै बढेको छ । समूहका अध्यक्ष ललितनारायण यादव भन्छन्, 'अहिलेसम्म करिब तीन करोड रुपैयाँ लगानी भइसकेको छ, तर प्रदेश सरकार ले जम्मा साढे ८१ लाख रुपैयाँ मात्रै दिएको छ । त्यो पनि उच्चदेखि सर्वोच्च अदालतसम्म लडेर । अहिले लगानी फिर्ता हुने चिन्ता होइन, जग्गाधनीले मुद्दा दिए कसरी जोगिने भन्ने तनावले सताइरहेको छ ।'



११ फागुन ०७५ मा तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले सिराहाको लहान नगरपालिका-११, पडरियामा तामझामका साथ शीतभण्डारको उद्घाटन गरे । हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि प्रदेश सरकार र शुभनारायण कृषि फर्मबिच १६ करोड ६५ लाख रुपैयाँमा तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । सम्झौताअनुसार फर्मले शीतभण्डारको कम्पाउन्ड वाल र फाउन्डेसनको निर्माण गरिसकेपछि प्रदेश सरकारले भुक्तानी नदिँदा काम अगाडि बढ्न सकेको छैन । शीतभण्डारको अभावमा कृषि उब्जनी सडेर खेर फाल्नुपर्छ या सस्तोमा बेच्नुपर्छ । बिउ जोगाउन पनि हम्मे-हम्मे पर्छ । भण्डारण गर्ने व्यवस्था हुन्छ भनेर किसानका लागि मलमजस्तो हुन्छ भनेर खुसी थिए । स्थानीय किसान कमलदेव यादवले भने, 'तर, सरकारको बेवस्ताका कारण शीतभण्डार कहिले बन्छ भन्ने ठेगान छैन ।'

यस्तो समस्या मधेशका अन्य जिल्लामा पनि छन् । मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०७५/७६ मा कृषिउपज वस्तुलाई सही तरिकाले भण्डार गर्न तथा सही मूल्य प्रदान गर्न प्रदेशका विभिन्न जिल्लामा आठवटा शीतभण्डार निर्माण गर्न कृषक समूह र कृषिफर्मसँग सम्झौता गरेको थियो । एक अर्ब ७९ करोड ९३ लाख ७९ हजार ८९५ रुपैयाँको आठवटा शीतभण्डार निर्माणको सम्झौता भयो । सम्झौताअनुसार तीन वर्षभित्र कार्य सम्पन्न गर्नुपर्ने सर्त थियो । तर, सम्झौता भएको सात वषसम्म पनि काम अलपत्र छ । प्रदेश सरकारले पर्साको वीरगन्ज महानगरपालिका-२६, सुगौलीस्थित पाँच हजार मेट्रिकटन क्षमताको शिवम् एग्रो इन्डस्ट्रिज एवं शीतभण्डार निर्माणका लागि ०७५/७६ मा २७ करोड ८२ लाख ९९ हजार २१० रुपैयाँमा सम्झौता गरेको थियो । सम्झौताअनुसार ०७७/७८ मै शीतभण्डार निर्माण सम्पन्न गर्नुपर्ने थियो । तर, अहिलेसम्म शीतभण्डार निर्माणस्थलमा माटो मात्रै खनिएको छ ।

पर्साकै वीरगन्ज महानगरपालिकामा ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजले निर्माण गर्ने शीतभण्डारको निर्माण कार्य चार वर्षदेखि अलपत्र छ । शीतभण्डार निर्माणका लागि ०७५/७६ मा मधेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजबिच १७ करोड ११ लाख ५८ हजार ४८ रुपैयाँमा सम्झौता भएको थियो । चार हजार पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि तीन वर्ष समय तोकिएको थियो । तर, अहिलेसम्म कम्पाउन्ड वालको काम मात्रै भएको छ ।

त्यस्तै, बाराको सिम्रौनगढ नगरपालिका- ३ स्थित अमन मत्स्य फार्मले निर्माण गर्ने शीतभण्डारको अहिलेसम्म फाउन्डेसनको काम मात्रै भएको छ । शीतभण्डार निर्माणका लागि २४ करोड ७४ लाख ८४ हजार २५८ रुपैयाँमा सम्झौता भएको थियो । तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डार अहिले अलपत्र छ । रौतहटको गरुडा नगरपालिका- १, जयनगरस्थित राष्ट्रिय हर्बल प्रोसेसिङ प्रालिले निर्माण गर्ने शीतभण्डारको पनि उस्तै दुरवस्था छ । शीतभण्डार निर्माणका लागि प्रदेश सरकारसँग कम्पनीले २६ करोड ८५ लाख ११ हजार ४५६ रुपैयाँमा सम्झौता गरेको थियो । ०७७/७८ को असार मसान्तसम्म काम सम्पन्न गर्नुपर्ने भनी पनि अहिलेसम्म पूर्णता पाउन सकेको छैन ।

सर्लाहीको बरहथवा नगरपालिका- ५ मा लवकुश बचत तथा ऋण सहकारी संस्थाले तीन वर्षमा निर्माण कार्य सम्पन्न गर्नुपर्ने शीतभण्डारको पछिल्लो चार वर्षमा माटो फिलिङ र फाउन्डेसनको काम मात्रै भएको छ । एक हजार पाँच सय मेट्रिकटन क्षमताको शीतभण्डारका लागि प्रदेश सरकार र संस्थाबिच ०७५/०७६ मा १८ करोड ३५ लाख७५ हजार ३४ रुपैयाँमा सम्झौता भएको थियो । सप्तरीको राजविराज नगरपालिकाको भल्हीस्थित जिल्ला सहकारी संस्थाले तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि ०७५/७६ मै सम्झौता भएको थियो । ३१ करोड पाँच लाख ३६ हजार ७७९ रुपैयाँको लागतमा निर्माण हुने शीतभण्डार

*बाँकी पृष्ठ ३ मा*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिबास

| | |
|---|---|
| बर्दिबास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशमा झन्डै दुई अर्ब लगानीका................

को संघीय सरकारको सरकारी विभागले ६० प्रतिशत, प्रदेश सरकार र संस्था स्वयंले २०-२० प्रतिशत खर्च व्यहोर्ने गरी सम्झौता गरिएको थियो । शीतभण्डारको ६० प्रतिशत काम मात्रै सम्पन्न भएको छ ।

## लामो समयदेखि अलपत्र प्रदेश गौरवको योजना अगाडि बढाउन छैन सुरसार

प्रदेशका गौरवको योजना भनिएको शीतभण्डारको योजना लामो समयदेखि अलपत्र रहे पनि त्यसमा न सरकारको चासो छ, न सम्बन्धित फर्महरूकै । भुक्तानी पाउनुअघिसम्म केही फर्महरूले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयपरिसरमा धर्ना दिएका थिए । तर, धनुषाको जनहित कृषक समूहलाई ८१ लाख ३१ हजार ९७७ रुपैयाँ र सप्तरीको जिल्ला सहकारी संघ राजविराजलाई एक करोड चार लाख १५ हजार १८८ रुपैयाँ गरी एक करोड ८५ लाख ४७ हजार १६५ रुपैयाँ प्रदेश सरकारले भुक्तानी गरेपछि अहिले यो विषयमा सबै मौन छन् ।

मधेश सरकारको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ मा पनि विगतमा सम्झौता भएका शीतभण्डारको निर्माण कार्यका लागि कार्यविधि बनाई गर्न उल्लेख छ । तैपनि प्रदेश सरकार गौरवको योजना भनिएका शीतभण्डार अगाडि बढाउन उदासीन देखिएको छ । प्रदेश सभाको पहिलो कार्यकालका कृषि तथा भूमि व्यवस्था संसदीय समितिले पनि शीतभण्डारको विषयमा चासो राखेको थियो । समितिले १७ साउन ०७६ मै मन्त्रालयसँग शीतभण्डार योजनाका सम्पूर्ण काजगाजत माग गरेको थियो । तर, कोभिड- १९ का कारण काम रोकियो । पूर्ण रूपमा सरकारी अनुदानमा निर्माण हुने शीतभण्डारबाट वास्तविक किसानले लाभ पाउने गरी कार्यविधि बनाई शीतभण्डारमा किसानको अधिकार सुनिश्चित गर्न प्रदेश सरकार र मन्त्रालयलाई समितिले निर्देशन दिए पनि काम अघि बढाउन सकेन ।

## सरकारले कानुनी र नीतिगत निर्णय लिनुपर्छ

डा. सरोजकुमार चौधरी, निमित्त सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेश

अलपत्र शीतभण्डारको विषयमा प्रदेश सरकारले कानुनी र नीतिगत निर्णय लिनुपर्छ । शीतभण्डार प्रदेशको गौरवको योजना भए पनि यो धेरै गिजोलियो । विगतमा यसमा धेरै कमीकमजोरी देखिएको छ । अख्तियारदेखि महालेखा परीक्षकको प्रतिवेदनमा पनि विगतमा दिएको भुक्तानीलाई बेरुजुमा राखिएको छ । त्यसकारण यो विषयमा प्रदेश सरकारले शीतभण्डार निर्माण गर्ने वा नगर्ने विषयमा कुनै ठोस निकास दिनु आवश्यक छ ।

## अदालतको आदेशपछि मात्रै भुक्तानी

धनुषाको लक्ष्मीनियामा शीतभण्डार बनाउँदै गरेको जनहित कृषक समूह भुक्तानी नपाएपछि सर्वोच्च अदालतसम्म पुग्यो । कृषक समूहका अध्यक्ष ललितनारायण यादव आफूले सम्झौताअनुसारको भुक्तानी नपाएको भन्दै उच्च अदालत जनकपुर हुँदै सर्वोच्च अदालतसम्म पुगे । कृषक समूहका सदस्यसमेत रहेका प्रदेश सांसद शेषनारयण यादव भन्छन्, 'सम्झौताअनुसार गरेको कामको भुक्तानीका लागि हामी पटक-पटक मन्त्रालय गयौं, तर कुनै सुनवाइ भएन । त्यसपछि सर्वोच्चसम्म पुगियो । सर्वोच्चले पीडित किसानको पक्षमा आदेश गरेपछि मात्रै पहिलो किस्ताको रकम पायौँ ।' काम नगरेका फर्मको भुक्तानी रोक्नुपर्नेमा सरकारले काम गरेका फर्मको पनि भुक्तानी रोक्दा समस्या भएको र त्यसले समयमै काम सम्पन्न हुन नसकेको सांसद यादवको भनाइ छ ।

## सुरुवातमै प्राविधिक त्रुटि

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आव ०७५/७६ को नीति तथा कार्यक्रममा प्रदेशका आठवटै जिल्लामा एक-एक शीतभण्डार बनाउने कार्यक्रम अघि सार्‍यो । सोही आर्थिक वर्षको बजेटमा प्रदेश सरकारले शीतभण्डार निर्माणका लागि दुई करोडका दरले १६ करोड रुपैयाँ विनियोजन गर्‍यो । बजेटमा भएको योजना कार्यान्वयनका लागि मन्त्रालयले सूचना प्रकाशित गरी शीतभण्डार निर्माणका लागि इच्छुक कृषि फर्म वा कृषि सहकारी संस्थाबाट आवेदन माग्यो ।

सूचनामा शीतभण्डारका लागि दुई करोड रुपैयाँ प्रदेश सरकारले अनुदानमा दिने भनेर उल्लेख गरेको थियो । सोही सूचनाका आधारमा कृषि फर्म तथा कृषक समूहहरूले आवेदन दिए । करिब एक दर्जनभन्दा बढी फर्मले शीतभण्डार निर्माणका लागि आवेदन दिएका थिए । त्यसमध्ये आठ फर्म र कृषक समूहलाई छनोट गरियो । छनोट भएका फर्म वा समूहरूले डिपिआर बनाएर मन्त्रालयमा प्रस्ताव बुझाए । डिपिआरमा अनुमान गरिएभन्दा १० गुणा बढी बजेट खर्च हुने देखाइयो । प्रदेश सरकारले अन्य वर्षमा पनि शीतभण्डारमा थप बजेट विनियोजन गर्ने गरी छनोट भएका सबै फर्मसँग सम्झौता गर्‍यो ।

तत्कालीन भूमि व्यवस्थामन्त्री शैलेन्द्रप्रसाद साह भन्छन्, 'त्यही प्राविधिक कमजोरी भयो । सूचनामा दुई करोड गरियो र शीतभण्डारको लागत त्योभन्दा धेरै गुणा बढी देखियो । अर्को सूचना गर्नुभन्दा पहिला शीतभण्डारको डिपिआर तयार गर्नुपर्थ्यो, तर पछि गरियो । त्यतिवेला यो विषयमा यहाँका कर्मचारीलाई अनुभव पनि थिएन, हामीले नीति बनायौँ र त्यसलाई कार्यान्वयन गर्ने काम कर्मचारीको थियो । तर, अनुभवको अभावमा कर्मचारीबाट पनि गल्ती भयो ।'- साभार : नयापत्रिका

## सर्टिफिकेट हरायो

महोत्तरीको सोनमा गाउँपालिका ४ खेसरहा गाउँ बाट जलेश्वर जाने क्रममा मिति २०८२ फाल्गुन २७ गते मेरो तपसील अनुसारको विवरण भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकै को प्रहरी कार्यालयमा वा ९७०७५७४०३२ नम्बरमा सम्पर्क गरी बुझाइ सहयोग गरिदिनु हुनअनुरोध गर्दछु।

**Name- Anjali Yadav**
Class: Certificate in Medical Laboratory Technology(CMLT)
Symbol No. : 1st - 05000445 2d-05002735 3rd- 05005057
Reg.No.- LT-00624-022
Pass Year - 2082
Institute- National human Resource Development Academy Janakpur

सार्वजनिक सेवा लिंदा ध्यान दिऔं।

- ➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- ➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
- ➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- ➢सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- ➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- ➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- ➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

लक्ष्मीनिया गाउँपालकिा, धनुषा


सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना





सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुर्‍याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

गौशाला नगरपालिका, महोत्तरी

जनकपुरधाम उपमहानगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ताको लागि तोकिएको समय मै नाम नवीकरण गरौं ।

सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुर्‍याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तो किएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी जानकारी
* नवीकरण अवधि: हरेक वर्षको साउन १ देखि भाद्र मसान्तसम्म।
* स्थान: सम्बन्धित वडा कार्यालय।

आवश्यक कागजातहरू:
* पुरानो सामाजिक सुरक्षा परिचयपत्र।
* नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
* हालै खिचिएको पासपोर्ट साइजको फोटो (आवश्यकता अनुसार)।

सामाजिक सुरक्षा भत्ताका मुख्य प्रकारहरू:
* जेष्ठ नागरिक भत्ता * एकल महिला/विधवा भत्ता * अपाङ्गता भएका व्यक्तिको भत्ता (पूर्ण/अति अशक्त)
* दलित बालबालिका भत्ता * लोपोन्मुख जाति भत्ता

सामान्य उद्देश्य:
* गरिबी न्यूनीकरण * सामाजिक संरक्षण * सम्मानजनक जीवनयापनमा सहयोग

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

# मटिहानीका सबै वडामा प्रशासकीय भवन निर्माण



खबर दर्पण समाचारदाता

**चैत्र ९ गते, बर्दिवास**

मटिहानी नगरपालिकाको वडा ८ मा नवनिर्मित वडाभवनको सोमबार एक समारोहबिच उद्घाटन गरिएको छ। यो भवन निर्माणसँगै नगरपालिकाले नगरभित्र रहेको नौ वटै वडाको प्रशासकीय भवन निर्माण सम्पन्न गरेको जनाएको छ ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले वडा ८ को प्रशासकीय भवनको उद्घाटन गर्नुहुँदै नगरमा रहेको नौ वटै वडामा वडावासीहरुको कामलाई प्रभावकारी बनाउन तथा सहजताको लागि आफ्नै भवन निर्माण सम्पन्न गरेको जानकारी दिनुभयो। उहाँले नगरबासीहरुको सहयोगमा भवन निर्माण सम्पन्न गरेको बताउनुहुदै यसले जनताको काम सहज र सजिलो हुने बताउनुभयो।

उक्त वड़ा कार्यालय भवन निर्माणका लागि कार्यपालिका सदस्य मटिहानीनगरपालिका वडा ८ बस्ने अरुण कुमार नाहरले करिब १६ धुर जग्गा निःशुल्क उपलब्ध गरएको चर्चा गर्नुहुदै सबैको साथ र सहयोगले भवन निर्माण समयमै सम्पन्न गरिएको बताउनुभयो।

मटिहानी वडा ८ का वडासचिव जीवेन्द्रकुमार कर्णले दुई तल्ले वड़ा कार्यालय भवनको निर्माण नेपाल सरकारको सम्पूरक अनुदान र मटिहानी नगरपालिकाको ९५ लाख ११ हजार २२७ भ्याट सहितमा निर्माण गरिएको जानकारी दिनुहुँदै निर्माण गरिएको भवनमा पाँच वटा कोठा, एउटा सभा हल, स्टोर रूम, शौचालय, बाथरुम रहेको जानकारी दिनुभयो।

उहाँले आठ वर्षदेखि दुई कोठे साँघुरो भाडाको भवनबाट सञ्चालन हुदै आएको वडा कार्यालयको आफ्नै फराकिलो तथा सुविधा सम्पन्न सरकारी भवन बनेकोमा खुशी व्यक्त गर्नुहुदै यसले सेवाग्राही तथा सेवा प्रदायक दुबैलाई सहज भई उत्कृष्ट सेवा प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

उद्घाटन कार्यक्रममा जग्गादाता अरुण कुमार नाहरलाई नगरप्रमुख हरिप्रसाद मण्डल र वडाध्यक्ष मदन चौधरीले दोसल्लासहित सम्मान गर्नुभएको थियो । कार्यक्रममा उपप्रमुख मन्जु देवी साह, वडाध्यक्ष मदन चौधरी, मटिहानी गाउँविकास समितिका पूर्वअध्यक्ष रामकुमार मण्डल, महोत्तरी उद्योग वाणिज्य संघका उपाध्यक्ष अजय कुमार साह, सचिव विजय कुमार साहलगायतकाहरुले मन्तव्य राख्नुभएको थियो।

# जनकपुरधाम २४ बसहियाको जनस्वास्थ्य कार्यालयको दूरावस्था






खबर दर्पण समाचारदाता

**चैत्र ९ गते, बर्दिवास**

जनकपुरधाम उपमहानगरपालिका-२४ स्थित बसहियामा रहेको जनस्वास्थ्य कार्यालयको अवस्था अत्यन्तै दयनीय बनेको पाइएको छ। नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको उक्त कार्यालय अहिले गोठ जस्तै अवस्थामा परिणत हुँदा स्थानीयवासी आक्रोशित बनेका छन् ।

जनस्वास्थ्य कार्यालय जाने प्रवेश मार्गमै स्थानीयले पशु चौपाया बाँध्ने गरेका छन् भने कार्यालय परिसरभरि पराल सुकाउन राखिएको छ। यसका कारण सम्पूर्ण परिसर दुर्गन्धित बनेको छ, जसले स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीलाई थप जोखिममा पारेको छ ।

स्थानीयवासीका अनुसार उपचारका लागि बिरामी लिएर उक्त कार्यालय पुग्दा आफैं बिरामी हुने अवस्था सिर्जना हुने गरेको छ। 'जनस्वास्थ्य कार्यालयभन्दा गोठ जस्तो देखिन्छ,' भन्ने गुनासो उनीहरूको छ ।

स्थानीयको बढ्दो गुनासोपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता जितेन्द्र महासेठको अगुवाइमा एक टोलीले स्थलगत निरीक्षण गर्दै समस्या समाधानको पहल थालेको छ। टोलीले जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साह तथा वडा नम्बर २४ का वडाध्यक्षलाई समस्याबारे जानकारी गराएको थियो ।

वडाध्यक्षले समस्या समाधानका लागि निरन्तर प्रयास गरिए पनि विभिन्न अवरोधका कारण अपेक्षित सुधार हुन नसकेको बताएका छन् । यद्यपि, स्थानीयको दबाबपछि जनकपुरधाम उपमहानगरपालिकाले एक साताभित्र उक्त समस्या समाधान गर्ने प्रतिबद्धता जनाएको महासेठले जानकारी दिएका छन् ।



सामाजिक सुरक्षा परिचयपत्र



नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता भनेको नेपाल सरकारले लक्षित समूहलाई नियमित रूपमा प्रदान गर्ने आर्थिक सहयोग हो, जसले आधारभूत जीवनयापनमा सहयोग पुऱ्याउँछ। सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि सम्बन्धित वडा कार्यालयमा साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र सहित उपस्थित भई तोकिएको समय मै नाम नवीकरण गर्न सूचित गरिन्छ।

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,